# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन २३ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लालबहादुर थापा
३. मा० श्री विना कुमारी श्रेष्ठ
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री विरोध खतिवडा
६. मा० श्री बोधमाया कुमारी यादव
७. मा० श्री शान्तीमाया तामाङ पाखीन
८. मा० श्री सत्यनारायण शर्मा खनाल
९. मा० श्री सत्य पहाडी
१०. मा० श्री समीना हुसेन
११. मा० श्री सरला कुमारी यादव
१२. मा० श्री सरिता कुमारी गिरी
१३. मा० श्री सरीता न्यौपाने
१४. मा० श्री सानु सिवा
१५. मा० श्री सीतादेवी यादव
१६. मा० श्री सुजाता परीयार
१७. मा० श्री सुजिता शाक्य
१८. मा० श्री सुदन किराती
१९. मा० श्री सुरेश चन्द्र दास
२०. मा० श्री स्मृति नारायण चौधरी
२१. मा० श्री ज्ञानकुमारी छन्त्याल
२२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले प्रश्न सोध्नुभयो :-

१. मा० श्री दिलेन्द्र प्रसाद बडू
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री रामबहादुर विष्ट
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री राजेन्द्र कुमार के.सी.
६. मा० श्री देवेन्द्र राज कंडेल
७. मा० श्री तेजुलाल चौधरी
८. मा० श्री प्रकाश रसाईली (स्नेही)
९. मा० श्री कृष्णगोपाल श्रेष्ठ
१०. मा० श्री जनार्दन शर्मा
११. मा० श्री विरोध खतिवडा
१२. मा० श्री खगराज अधिकारी
१३. मा० श्री सरिता गिरी
१४. मा० श्री प्रेमप्रसाद तुलाचन
१५. मा० श्री यज्ञबहादुर बोगटी
१६. मा० श्री सुरेशचन्द्र दास
१७. मा० श्री गणेश कुमार पहाडी
१८. मा० श्री नारायणप्रसाद खतिवडा
१९. मा० श्री छक्कबहादुर लामा
२०. मा० श्री लक्ष्मी परीयार
२१. मा० डा० नारायण खड्का
२२. मा० श्री रंगमती शाही
२३. मा० श्री पद्मनारायण चौधरी
२४. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
२५. मा० श्री देवप्रसाद तिमलसेना
२६. मा० श्री उमाकान्त चौधरी
२७. मा० श्री सीतादेवी यादव
२८. मा० श्री रामबाबु प्रसाद यादव
२९. मा० श्री मोहन बानियां
३०. मा० श्री अमृता थापा
३१. मा० श्री महेश्वरजंग गहतराज (अथक)
३२. मा० श्री रामेश्वर राय यादव
३३. मा० श्री राजेन्द्र प्रसाद गौतम
३४. मा० श्री जुली कुमारी महतो
३५. मा० श्री एकवाल मियाँ
३६. मा० श्री रेखा कुमारी
३७. मा० श्री बोधमाया कुमारी यादव
३८. मा० श्री पदम गिरी
३९. मा० श्री बालकृष्ण खांण
४०. मा० श्री लक्ष्मणलाल कर्ण

४१. मा० श्री प्रभु साह
४२. मा० श्री रुही नाज
४३. मा० श्री हितबहादुर तामाङ

त्यसपछि मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले उक्त प्रश्नहरुको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री जनार्दन शर्मा
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री प्रमोद साह
४. मा० श्री रामबाबु प्रसाद यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री कृष्णगोपाल श्रेष्ठ
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री सरिता गिरी
९. मा० श्री झपटबहादुर रावल
१०. मा० श्री प्रकाश रसाईली (स्नेही)
११. मा० श्री प्रेमप्रसाद तुलाचन
१२. मा० श्री तेजुलाल चौधरी
१३. मा० श्री नवराज सिलवाल
१४. मा० श्री प्रमिला राई
१५. मा० श्री चाँदतारा कुमारी
१६. मा० श्री केदार प्रसाद सिग्देल
१७. मा० श्री तिलबहादुर महत क्षेत्री
१८. मा० श्री राजेन्द्र प्रसाद गौतम
१९. मा० श्री दिल कुमारी

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रममा केही हेरफेर गरेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहितको सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री भरत कुमार शाह

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ४१ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्नेगरी दिनको ५:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै पन्ध्र मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा अपरान्ह ५:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४८ सम्म “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवलाई “उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहितको औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ माथिको छलफलमा मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीले भाग लिनुभयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ७ सम्म “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीको क्रमसँख्या २ देखि ३ सम्मका सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल साउन २६ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी दिनको ६:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव